श्री ५ को सरकार

## कृषि मन्त्रालयको

## सूचना १

खाद्य ऐनको दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले तीलको तेल र शिशु आहारको गुणस्तर वा मात्रा निम्नबमोजिम निर्धारण गरेकोले आजकै मितिदेखि नै लागू हुने गरी यो आदेश जारी गरेको छ।

०२.०८.१ खाने तीलको तेलः

खाने तीलको तेल भन्नाले सफा सग्लो कालो, खैरो, सेतो अथवा यी सबै मिसिएको तीलको गेडाबाट निकालिएको शुद्ध तेललाई सम्झनुपर्दछ। यो तेल दुर्गन्ध (रान्सिड, अक्सिडाइज्ड) नभएको, पानी छुट्टिने गरी जलाम्स नभएको अरू कुनै बाहिरी तत्व नभएको, रङ्ग गन्ध एसेन्स र खनिज तेल नहालेको र कसर मैलारहित स्वच्छ सफा भई निम्न गुणस्तर परिधिअनुरूपको हुनुपर्दछ।

| | | |
|---|---|---|
| (क) | रीफ्राक्टिभ इण्डेक्स (४०° से. मा) | १.४६५० देखि १.४६९० सम्म |
| | अथवा | |
| | ब्यूटीरो रीफ्राक्टोमिटर रीडिंग (४०° से. मा) | ५८.५ देखि ६४.८ सम्म |
| (ख) | सापोनिफिकेशन भ्यालु | १८७ देखि १९५ सम्म |
| (ग) | आयोडिन भ्यालु (बिज मेथड) | १०४ देखि १२० सम्म |
| (घ) | सापोनिफाई नहुने पदार्थ प्रतिशतमा | २ प्रतिशतमा नबढेको |
| (ङ) | सिसम आयल टेष्ट (Baudouin) | उपस्थित (पोजिटिभ) |
| (च) | फ्री फ्याटी एसिड (ओलिक एसिडको हिसाबले) | ३ प्रतिशतमा नबढेको |
| (छ) | एसिड भ्यालु | ६ एम. जी. के. ओ. एच. / ग्राम तेलमा नबढेको |
| (ज) | पेरोक्साइड भ्यालु | १० मिली इक्वीभालेण्ट पेरोक्साइड अक्सिजन / के. जी. तेलमा नबढेको। |

०१.१५ शिशु आहारको गुणस्तर (Infant formula):

शिशु आहार भन्नाले आमाको दूधको अभावमा खास किसिमको पोसिलो खुराकको आवश्यकता पर्ने १२ महीनासम्मको शिशुको लागि गाई, भैंसीको दूध वा दुवैको सम्मिश्रणलाई स्प्रे ड्राइड वा रोलर ड्राइड (Spray dried or roller dried)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०२

प्रक्रियाद्वारा जल निस्काशन गरी तयार गरिएको खाद्य पदार्थलाई सम्झनुपर्दछ। यसको प्रयोगमा ल्याइने दूधको चिल्लो पदार्थ सम्पूर्ण वा आंशिक रूपमा झिकी त्यसको सट्टामा लिनोलिक एसिड (Linoleic acid) जस्ता अनिवार्य फ्याटी एसिड (Essential fatty acid ) बढी मात्रामा समावेश भएको वनस्पति तेलहरूबाट चिल्लो पदार्थको मात्रा पूर्ति गरिएको हुन्छ तथा यसको अलावा चिनी, डेक्स्ट्रोज (Dextroze), डेक्सट्रीन ( Dextrin ), माल्टोज ( Maltose ), माल्टो डेक्सट्रीन ( Malto dextrin ), ल्याक्टोज ( Lactoze ) राखी तयार गरेको हुन सक्दछ साथै अरू तत्वहरू जस्तै फोस्फेट, साइट्रेट ( Phosphate, Citrate ) जस्तै लवणहरू, भिटामिन ए., बी., सी., डी. तथा अन्य भिटामिनहरू, कपर, आइरन , जिन्क (Copper, Iron, Zinc) जस्ता खनिज पदार्थहरू तथा आयोडिन (Iodine) आदि समावेश भएको हुन सक्दछ। यसमा स्टार्च ( Starch ) र कुनै पनि आन्टिअक्सिडेन्टस् ( Antioxidants ) भएको हुनु हुँदैन। यो निम्न गुणस्तर परिधिको हुनुपर्दछ।

| | | |
|---|---|---|
| १. | जलांश | ५% मा नबढेको |
| २. | मिल्क प्रोटिन (Milk protein) | १२% मा नबढेको |
| ३. | चिल्लो पदार्थ (Fat) | २०% मा नघटेको |
| ४. | कार्बोहाइड्रेट (Carbohydrate) | ३५% मा नघटेको |
| ५. | सम्पूर्ण भष्म (Total Ash) | ८.५% मा नबढेको |
| ६. | एसिड (dil Hcl) मा नघुल्ने भष्म | ०.१% मा नबढेको |
| ७. | भिटामिन "ए" | १५.० आई. यू. मा नघटेको |
| ८. | लोह तत्व (Iron) | ४.० मि. ग्रा./१०० ग्राममा नघटेको |
| ९. | स्टाण्डर्ड प्लेट काउण्ट (Standard Plate Count) | ५०,०००/ ग्राममा नबढेको |
| १०. | कोलिफर्म काउण्ट (Colifaım Group Count) | उपस्थित नभएको |
| ११. | घुलनशील प्रतिशत | |
| | रोलर ड्राइड (Roller dried) | ८५% मा नघटेको |
| | स्प्रे ड्राइड (Spray dried) | ९८.५% मा नघटेको |

## सूचना २

श्री ५ को सरकारले दाना पदार्थ ऐन, २०३३ को दफा १० ले दिएको अधिकार प्रयोग गरी दूध दिने गाई, भैंसीको दाना पदार्थको गुणस्तर वा मात्रा देहायबमोजिम निर्धारण गरेकोले आजको मितिदेखि लागू हुने गरी यो आदेश जारी गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
404

०२. दूध दिने गाई, भैंसीको दाना पदार्थ:

दूध दिने गाई, भैंसीको दाना पदार्थ भन्नाले दूध दिने गाई, भैंसीलाई दिने दाना पदार्थलाई सम्झनुपर्दछ र यो दाना पदार्थको गुणस्तर वा मात्रा निम्न तालिकामा उल्लेख भए बमोजिमको हुनुपर्दछ ।

तालिका

| चारित्रिक गुणहरू | आवश्यकता |
|---|---|
| १. जलाम्स प्रतिशत (मासमा) | ११.०% (बढीमा) |
| २. क्रुड प्रोटिन (नाइट्रोजन % ६.२५) | २०.०% (बढीमा) |
| ३. क्रुड फ्याट % (मासमा) | २.५ देखि ५% |
| ४. क्रुड फाइबर % (मासमा) | ७% (बढीमा) |
| ५. एसिड इन्सोल्यूबल आयस % (मासमा) | ४% (बढीमा) |
| ६. क्याल्सीयम % (मासमा) | ०.५% (घटीमा) |
| ७. लवण (सोडियम क्लोराइड) % (मासमा) | २.०% (बढीमा) |
| ८. फोस्फोरस % (मासमा) | ०.५% (घटीमा) |
| ९. भिटामिन ए (आई. यू./ के. जी.) | ५००० (घटीमा) |
| १०. अफ्लाटक्सिन बी. १ | ५० पी. पी. बी. (पार्ट पर बिलियन) (बढीमा) |

स्पष्टीकरण:– पार्ट पर बिलियन (पी. पी. बी.) भन्नाले एक अरब भागको एक भाग सम्झनुपर्छ ।

(ख) उपरोक्त तालिकामा उल्लेखित दाना पदार्थ

(१) सडेको, गह्नाएको, कीरा लागेको वा ढुसी परेको नभई अन्य आपत्तिजनक पदार्थ नमिलेको हुनु पर्नेछ ।

(२) उपरोक्त तालिकामा दिइएको गुणस्तर वा मात्राको परिधिअनुरूप हुनु पर्छ ।

(३) उपरोक्त तालिकामा दिइएको गुणस्तर वा मात्राहरूमध्ये एक मात्र गुणस्तर वा मात्राको परिधिअनुरूप नभएमा पनि सो दाना पदार्थ गुणस्तर र परिधिअनुरूप भएको मानिनेछैन ।

(४) माथि तालिकामा दिइएका चारित्रिक गुणहरूमध्ये क्रमसंख्या २ देखि ९ सम्मका गुणहरूको हुनुपर्ने मात्राहरू तौलको हिसाबले जलाम्सरहित आधारमा गणना गरिएका हुन् ।

आज्ञाले,
अक्रूरनरसिंह राणा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
५०५

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले वित्त कम्पनी ऐन, २०४२ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन आजका मितिदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

### सूचना २

श्री ५ को सरकारले वित्त कम्पनी ऐन, २०४२ को दफा २ को खण्ड (ढ) को प्रयोजनको लागि वाणिज्य विभाग तोकेको छ ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०६